
# चिनियाँ प्रभाव रोक्न भारतलाई उकास्ने अमेरिकी रणनीति



**बेइजिङ–** अमेरिकाको गोप्य भनिएको एसिया प्रशान्त (इन्डो प्यासाफिक) रणनीतिका विषयमा चीनले कडा आपत्ति जनाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तयार पार्न लगाएको भनिएको १० पन्ने गोप्य दस्तावेज सार्वजनिक भएसँगै चीनले त्यस विषयमा आपत्ति प्रकट गरेको हो।

भारत र चीनबीच सीमालगायत विषयमा विवाद जारी रहेको बेला ट्रम्प प्रशासनको गोप्य रिपोर्ट सार्वजनिक भएपछि त्यसले थप हलचल पैदा गरेको छ।

उक्त रिपोर्टमा अमेरिकको एसिया प्रशान्त (इन्डो प्यासाफिक) रणनीतिको बारेमा उल्लेख गरिएको छ। अमेरिकी वेबसाइट ‘एक्सिओस न्युज’ ले उक्त रिपोर्ट आफूले प्राप्त गरेको दाबी गर्दै त्यसमा चीनसँग हरेक हिसावले मुकाबिला गर्न अमेरिका आफ्नो इन्डो प्यासाफिक रणनीतिमा भारतलाई अगाडि बढाउन चाहेको उल्लेख गरेको छ।

‘एक्सिओस न्युज’का अनुसार सन् २०१८ को सुरुआतमै राष्ट्रपति ट्रम्पले १० पृष्ठको एक दस्तावेज तयार गरेका थिए। उक्त दस्तावेजमा एसिया प्रशान्त क्षैत्रमा पछिल्लो तीनवर्षमा चीन, भारत, उत्तर कोरिया र बाँकी अन्य देशमा लागू गरिने रणनीतिका बारेमा उल्लेख गरिएको छ।

उक्त दस्तावेजमा अमेरिकाको अन्तरराष्ट्रिय रणनीति तथा सुरक्षा चुनौती सामना गर्न चालिने कदमका बारेमा पनि उल्लेख गरिएको छ।

दस्तावेजमा चीनलाई चिन्ताको नजरबाट हेरिएको छ। त्यस्तै, उत्तर कोरिया पनि चुनौतीपूर्ण रहेको उल्लेख गरिएको छ। दस्तावेजमा चीनको सामना गर्नका लागि एसिया प्रशान्त क्षेत्रका भारतलगायत अन्य उदार अर्थव्यवस्था भएका मुलुकसँग मिलेर काम गर्नुपर्ने उल्लेख गरिएको छ।

रिपोर्टमा दक्षिण तथा दक्षिणपूर्वी एसियामा चीनको विस्तार रोक्न भारतसँग सैन्य, जासुसी तथा राजनीतिक समर्थन बढाउनुपर्ने उल्लेख गरिएको छ। दस्तावेजमा भारतसँगको बलियो सम्बन्धले चीनको बढ्दो शक्तिलाई सन्तुलन गर्न सकिने उल्लेख गर्दै अमेरिकाले एसिया प्रशान्त क्षेत्रमा चीनले अमेरिकी गठबन्धनलाई कमजोर बनाउँदै ठूलो ‘राजनीतिक खेलाडी’ बन्न चाहेको आरोप लगाइएको छ।

**सैन्य टकरावको उक्साउने रणनीति : चीन**

अमेरिकाको उक्त गोप्य दस्तावेजका सम्बन्धमा चीनले कडा आपत्ति प्रकट गरेको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता चाओ लिजिअनले नियमित पत्रकार सम्मेलनमा उक्त दस्तावेजमा अमेरिकाको गलत उद्देश्य प्रष्ट भएको प्रतिक्रिया दिए। अमेरिकाको ‘इन्डो प्यासाफिक रणनीति’ चीनलाई रोक्न र दबाउन तयार पारिएको आरोप लगाउँदै अमेरिका यस क्षेत्रमा शान्ति तथा स्थिरता भंग गर्न उद्दत रहेको आरोप लगाए। उनले भने, ‘यो अधिनायकवादी रणनीति हो, यसमा म कमसेकम तीनवटा गल्ती उल्लेख गर्न सक्छु। पहिलो यो शीतयुद्धवाला मानसिकता हो। सैन्य टकराव उक्साउने रणनीति हो, यो रणनीति क्षैत्रीय पारस्पारिक सहयोग रोक्नका लागि हो र यो क्षैत्रीय शान्ति, स्थिरता तथा सम्पन्नतालाई तहसनहस गर्नका लागि हो।’ उक्त दस्तावेजलाई फोहोरको टोकरीमा मिल्काउनुपर्ने प्रतिक्रिया पनि दिएको छ। एजेन्सीको सहयोगमा

# ट्रम्पलाई दोस्रोपटक महाभियोग

**वासिंटन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई अमेरिकी संसदको तल्लो सदन ‘हाउस अफ रेप्रिजेन्टेटिभ्स्’ले दोस्रोपटक महाभियोग प्रस्ताव पारित गरेको छ।

अमेरिकी इतिहासमा दुई पटकसम्म महाभियोग लाग्ने पहिलो राष्ट्रपति डोनाल्ड ट्रम्प बनेका हुन्।

उनीविरुद्धको महाभियोगको प्रस्ताव अमेरिकी संसदको तल्लो सदन ‘हाउस अफ रेप्रिजेन्टेटिभ्स’बाट पारित भएको छ। अघिल्लो हप्ताको बुधवार अमेरिकी संसद भवनमा राष्ट्रपति ट्रम्पका समर्थकहरूले आक्रमण गरेपछि उनीविरुद्ध अमेरिकाका डेमोक्र्याट सांसदहरूले महाभियोग प्रस्ताव प्रस्तुत गरेका थिए।

उक्त महाभियोगको सार्वजनिक मत परिणामअनुसार महाभियोग प्रस्तावको पक्षमा २३२ मत परेको थियो। महाभियोग पारित हुन २१७ मत आवश्यक थियो। अमेरिकाको ‘हाउस अफ रिप्रेजेन्टेटिभ्स’ मा डेमोक्र्याट पार्टीका २२२ जना सदस्य छन्।

तर, त्यो भन्दा पनि बढी राष्ट्रपति ट्रम्पको रिपब्लिकन दलका पनि १० जना सांसदले महाभियोगको पक्षमा नै मतदान गरेको अमेरिकी



सभामुख न्यान्सी पेलोसीले जानकारी दिइन्। महाभियोगको प्रस्तावको विपक्षमा भने १९७ जना रिपब्लिकन सांसदले मत दिएका थिए। राष्ट्रपति ट्रम्पविरुद्ध अमेरिकी ‘हाउस अफ रिप्रेजेन्टेटिभ्स्’ले सन् २०१९ मा पहिलोपटक महाभियोग पारित गरेको थियो।

तर, पनि त्यस समय भने उनको दल रिपब्लिकनका एकजना पनि सांसदले महाभियोगको पक्षमा मत दिएका थिएनन्।

अमेरिकी संसदको तल्लो सदनले पारित गरेको सो महाभियोग प्रस्ताव अब अमेरिकाको माथिल्लो सदन ‘सिनेट’बाट पनि पारित हुनुपर्नेछ। उक्त प्रस्ताव पारित हुनका लागि सिनेटको मतको दुई तिहाइ आवश्यक हुन्छ।

यस प्रयोजनका लागि सिनेटमा कम्तीमा पनि १७ जना रिपब्लिकन सिनेटरहरू ट्रम्पको विपक्षमा अर्थात् महाभियोगको पक्षमा उभिनु पर्नेछ। तर, यो सम्भावना भने निकै कम देखिएको राजनीतिक विश्लेषकहरूले अनुमान लगाएका छन्। रासस/एएफपी

# अमेरिकासँग चीनको व्यापार बचत वृद्धि

**बेइजिङ–** संयुक्त राज्य अमेरिकासँग चीनको व्यापार बचत (सरप्लस) गतवर्ष सन् २०२० मा अझ फराकिलो भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कार्यकालमा चीनसँगको व्यापार अन्तरलाई कम गर्ने प्रयास गरे पनि त्यो असफल भएको नयाँ विवरणहरूले देखाएका छन्।

कोरोनाभाइरस महामारीका बीच पनि अमेरिकामा विद्युतीय र चिकित्सा उपकरणको माग उच्च भएको छ।

चीनले कोरोनाभाइरस नियन्त्रणमा ल्याउन कडा लकडाउनसहितका प्रभावकारी कदम चालेसँगै चीनका कारखानाहरू दोस्रो चौमासिक अवधिदेखि पूर्ववत रूपमा सञ्चालनमा आएका छन् भने जनजीवन सामान्य अवस्थामा फर्किएको छ।

चार वर्षअघि राष्ट्रपतिको कार्यकाल प्रारम्भ गर्दा चीनसँगको व्यापार घाटा कम गर्ने आफ्नो पहिलो कदम हुने घोषणा गरेका अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकी सामान खासगरी सोयाबिनलाई चिनियाँ बजारमा सहज पहुँच दिलाउन बेइजिङसँग आंशिक सम्झौतामा हस्ताक्षर गरेका थिए।

तर, चिनियाँ भन्सारले सार्वजनिक गरेको विवरणमा सन् २०२० मा अमेरिकासँगको व्यापारमा तीन खर्ब १७ अर्ब डलरले वृद्धि भएको उल्लेख छ। यो अघिल्लो वर्षको तुलनामा करिब ७.१ प्रतिशतले बढी हो।

यो वृद्धि सन् २०१७ को व्यापार बचत रकम करिब २७६ अर्ब डलरभन्दा १४.९ प्रतिशत बढी हो। ट्रम्पले व्यापार घाटा बढ्नुमा चीनले अवाञ्छित व्यापार नीति लिएको र अमेरिकी रोजगार खोसेको आरोप लगाउँदै आएको छ।

विश्वकै दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनको अर्थव्यवस्था कोरोनाभाइरस महामारीका कारण सन् २०२० पहिलो चौमासिकमा केही खुम्चिएको थियो। तर, चीनले कोरोनाभाइरस नियन्त्रणमा सफलता प्राप्त गरेसँगै लकडाउनमा सहजीकरण गरिएको र मानिसहरू काममा फर्किन पाएका थिए। चीनको कूल निर्यात पनि ३.६ प्रतिशतले वृद्धि भएको थियो। तर, आयात भने १.१ प्रतिशतले खुम्चिएको थियो।

सन् २०२० को डिसेम्बरमा निर्यात र आयात दुवै प्रक्षेपण गरिएभन्दा बढी भएको थियो। यस महिनामा निर्यात १८.१ प्रतिशत तथा आयात ६.५ प्रतिशत रहेको चिनियाँ भन्सारले जनाएको छ।

चिनियाँ भन्सारका प्रवक्ता लि कुइवेनले कोरोनाभाइरसले सिर्जना गरेको विषम परिस्थितिमा पनि चीनले आयात र निर्यात दुवै क्षेत्रमा उत्कृष्ट पुनरागमन गरेकामा खुसी व्यक्त गरे। उनले पछिल्ला दिनमा नोटबुक कम्प्युटर, घरायसी विद्युतीय उपकरणका साथै मेडिकल उपकरणहरू समेतका विद्युतीय सामानको निर्यात बढेको जानकारी दिए।

डिसेम्बरमा चीनको कूल व्यापार बचत ७८ अर्ब डलर भएको पनि भन्सार प्रशासनले जनाएको छ। रासस/सिन्ह्वा

# कोरोना भाइरस संक्रमितको संख्या एक करोड

**नयाँदिल्ली –** भारतमा कोरोना भाइरस संक्रमितको संख्या बिहीबारसम्म एक करोड पाँच लाखभन्दा बढी पुगेको छ। विगत २४ घन्टाको अवधिमा भारतमा १६ हजार ९४६ नयाँ संक्रमित फेला परेपछि कोरोना संक्रमितको संख्या एक करोड पाँच लाख १२ हजार ९३ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

गत २४ घन्टामा भारतमा कोरोना संक्रमणको कारण १९८ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको संख्या एक लाख ५१ हजार ७२७ जना पुगेको छ। मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड एक लाख ४६ हजारभन्दा बढी व्यक्ति संक्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा दुई लाख १३ हजार ६०३ सक्रिय संक्रमित रहेका छन्।

भारतको राजधानी दिल्लीमा बुधवार ३५७ जना थप व्यक्तिमा कोरोना भाइरसका संक्रमण देखिएको र ११ जनाको मृत्यु भएको छ। रासस


## कम्पनीको नाम परिर्वतन सूचना

लामा लेखापढी सेन्टर प्रा.लि. को मिति २०७७/०९/०३ मा सम्पन्न साधारण सभाले कम्पनीको नाम गाडी सेवा प्रा.लि. कायम गरिएको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यलयको मिति २०७७/०९/१६ को निर्णयअनुसार सर्वसाधरणलाई जानकारी गराउँछौं।



**नेपाली सेना**
**श्रीनयाँ रणभीम गुल्म हेदाङनागढी ब्यारेक संखुवासभा**

## बोलपत्र आह्वानको सूचना

**सूचना नं.०२**
**(प्रथमपटक प्रकाशित मिति २०७७/१०/०२ गते)**

१.आ.ब.०७७/७८ को यस नयार रणभीम गुल्म हेदाङनागढी ब्यारेकमा जवान लाइन दुई तल्ला र शौचालय निर्माण गर्नुपर्ने भएकाले e-GP System को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको इजाजत प्राप्त इच्छुक फर्म/ कम्पनीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट http://www.bolpatra.gov.np/egp. हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।
२.बोलपत्रसम्बन्धी कागजातहरू यस गुल्मबाट अपलोड हुने भएको हँदा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइटबाट डाउनलोड गरी प्राप्त गर्नु हुन।
३.विद्युतीय माध्यमबाट बोलपत्र अपलोड गर्नुपर्ने अन्तिम मिति २०७७/११/०२ गतेको १२:०० बजेभित्रर खोलुवा मिति सोही दिनको १३:०० बजे यस नयाँ रणभीम गुल्ममा हुने। साथै विस्तृत जानकारीका लागि फोन नं.०२६-६९१६३९ मा सम्पर्क राख्नु हुनसमेत सूचित गरिन्छ।
४.बोलपत्रको विवरण :

| सि.नं. | बजेट शिर्षक | कामको विवरण | लागत अनुमान रकम मु.अ.करबाहेक | जमानत रकम रु. | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | भवन निमार्ण | जवान लाइन दुई तल्ला र शौचालय निमार्ण | १,२३, ८९,६८८।०० | ३,५०,०००।०० | ३,००।०० |



## Gujara Municipality
## Office of The Municipal Executive
**Simara Bhawanipur, Rautahat**

## Invitation for Bids

**Date of Publication: 15th January, 2021**

Gujara Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the **Construction of Administrative Office Building of Gujara Municipality** Ward no – 09under National Competitive Bidding procedures.

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***GujaraMunicipality, Simara Bhawanipur, Rautahat, 9851223812, ito.gujramun@gmail.com*** site **www.bolpatra.gov.np/egp**.

2. A complete set of Bidding Documents may be purchased from the office ***GujaraMunicipality Office*** and the office***Simara Bhawanipur-09, Rautahat***by eligibleBidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs.***5000.00*** till 10th***“ebruary, 2021*** during 12.00 hours Or Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO’s Web Site **www.bolpatra.gov.np./egp**,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project’s Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Information to deposit the cost of Bid security/Bid document fee in Bank**

Name of the Bank: NIC ASIA BANK, Simara Bhawanipur Branch

Name of Office: Gujara Municipality, Simara Bhawanipur, Rautahat

Office Account No.: ga-1-1 (antarik Khata) 2172050028445002

Office Account No: ga – 03 – (Dharauti Khata) 46CA051251652406

3. Sealed or electronic bids must be submitted to the office Gujara Municipality, Simara Bhawanipur, Rauthat by hand/courier or through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 Noon*** on 11th February***, 2021***. Bids received after this deadline will be rejected.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***02:00P.M. and 11th February, 2021***at the office of Gujara Municipality, Simara Bhawanipur, Rautahat. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of *Rs.*10,00,000.00 which shall be valid for days beyond the validity period of the bid (i.e. ***120 days)***

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.No. | Contract ID No. | Descriptions of Work | Cost of Bid Document (Non-Refundable) | Bid validity Period | Turn Over | Bid security Amount in (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | NCB/01/ GUJMUN/ 2077/078 | Construction of Administrative Office Building of Gujara Municipality | 5000/- | 10th January 2021 to 10th February 2021 | 60000000/- | 1000000/- |

**पुनश्चः यो सूचना PPMO मा 10 January, 2021 मा प्रकाशित भएको छ। यो बोलपत्र खुल्ने मिति र बन्द हुने मिति PPMO मा अपलोड भएको मिति अनुसार हुनेछ।**

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१। ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217।** दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२। दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।